# बर्दघाट राजपत्र

नवलपरासी जिल्ला (बर्दघाट-सुस्ता पश्चिम)
प्रदेश नं. ५ नेपाल

## बर्दघाट नगरपालिकाद्वारा प्रकाशित

**खण्ड-१, बर्दघाट, जेष्ठ ०८ गते, २०७५ साल (संख्या १५)**


**भाग : ३**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ (१०) वमोजिम नगर कार्यपालिकाले बनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## योजना तथा कार्यक्रम सञ्चालन, कार्यान्वयन र फरफारक सम्वन्धी कार्यविधि, २०७५

प्रस्तावनाः स्रोत परिचालनमा मितव्ययिता, कुशलता, प्रभावकारिता र एकरुपता कायम गर्दै, संघीय एवं प्रदेश सरकार तथा विकास साझेदारहरुबाट प्राप्त हुने स्रोत साधन, नगरपालिकाको आन्तरिक राजश्व परिचालनबाट प्राप्त आय, राजस्व बाँडफाँडबाट प्राप्त आयलाई गरीब, सामाजिक एवं आर्थिक रुपमा पछाडी परेका वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरीसमन्वयात्मक रुपमा परिचालन गरी पारदर्शी, जनमुखी, मितव्ययी, उत्तरदायी, समावेशी र सहभागितामूलक बिकासको माध्यमबाट गरिबी न्यूनीकरण गर्दै दीगो विकासको लक्ष्य हासिल गर्न बर्दघाट नगर कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "बर्दघाट नगरपालिकाको कार्यक्रम तथा योजना सञ्चालन, कार्यान्वयन र फरफारक सम्वन्धी कार्यविधि २०७५" रहेको छ ।
(२) यो कार्यविधि नगरपालिका क्षेत्र भित्र तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आन्तरिक आय" भन्नाले नेपालको संविधानको अनुसूची ८ बमोजिम तोकिएको क्षेत्रमा लगाइएको कर, दस्तुर, शुल्क र प्रचलित कानून बमोजिम भएको दण्ड, जरिवाना रकम समेतलाई सम्झनु पर्छ ।
(ख) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनु पर्छ ।
(ग) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूबाट कुनै आयोजना तथा कार्यक्रम निर्माण तथा सञ्चालन गर्न आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्छ ।
(घ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।
(ङ) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरूको संयोजित रूप सम्झनुपर्छ ।
(च) "कार्यविधि" भन्नाले कार्यक्रम तथा योजना सञ्चालन, कार्यान्वयन र फरफारक सम्वन्धी कार्यविधि २०७५ लाई सम्झनुपर्छ ।
(छ) "गैह्रसरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना तथा सञ्चालन भएका गैह्र नाफामूलक, सामाजिक, जनहितकारी संस्था सम्झनु पर्छ । र यस शब्दले निजी क्षेत्र समेतलाई जनाउने छ ।
(ज) "ठूला मेशिनरी उपकरण" भन्नाले ठूला प्रकृतिका (बुलडोजर, एक्साभेटर, व्याक हो लोडर आदि जस्ता) श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी उपकरण सम्झनु पर्छ ।
(झ) "नगर सभा" भन्नाले बर्दघाट नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।
(ञ) "नगरपालिका" भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनु पर्छ ।
(ट) "प्रमुख" भन्नाले बर्दघाट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।
(ठ) "उपप्रमुख" भन्नाले बर्दघाट नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।
(ड) "वित्तीय समानिकरण" भन्नाले संघीय तथा प्रदेश सरकारबाट प्रचलित ऐन, नियम, नीति तथा निर्णय अनुसार नगरसभाको निर्णयले खर्च गर्न सक्ने गरी प्राप्त अनुदान सम्झनु पर्छ ।
(ढ) "सशर्त अनुदान" भन्नाले संघीय वा प्रदेश सरकारले खास शर्त तोकि उपलब्ध गराएको अनुदान सम्झनु पर्छ,
(ण) "मन्त्रालय" भन्नाले सङ्घीय तथा प्रदेश सरकारका मन्त्रालयहरू सम्झनु पर्छ ।
(त) "विकास साझेदार" भन्नाले नगरपालिकालाई आर्थिक, प्राविधिक एवं वस्तुगत सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, अर्न्तराष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्र र समुदायमा आधारित संस्थालाई सम्झनु पर्छ ।
(थ) "लक्षित समूह" भन्नाले आर्थिक एवं सामाजिक रूपमा पछाडी परेका वर्ग एवं समुदाय (बिभिन्न जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम, अल्पसंख्यक तथा पिछडिएका वर्ग, अपाङ्गता भएका व्यक्ति) एवं लक्षित समूह भनी तोकिएका वर्ग तथा समुदाय सम्झनु पर्छ ।
(द) "लैङ्गिक लेखाजोखा (परीक्षण)" भन्नाले महिला र पुरूष बीचको भूमिका, सम्बन्ध, अवसर आदिको लेखाजोखा र लैङ्गिक समानता कायम गर्न निर्धारण गरिएको नीति, कार्यक्रम तथा बजेटको विश्लेषण तथा परीक्षणलाई सम्झनु पर्छ ।

(ध) "स्रोत" भन्नाले नगरपालिकालाई उपलब्ध हुने सबै प्रकारका अनुदान,आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त सहयोगलाई सम्झनु पर्छ ।

(न) "वडा अध्यक्ष" भन्नाले नगरपालिकाको वडा समितिको अध्यक्षलाई सम्झनु पर्नेछ ।

(प) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीयसरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमका प्रमुख प्रशासकीय प्रमुखकलाई सम्झनु पर्छ ।

(फ) "सामाजिक परीक्षण" भन्नाले नगरपालिकाको योजना, नीति, सञ्चालित कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ ।

(ब) "सार्वजनिक परीक्षण" भन्नाले नगरपालिकामा सञ्चालित कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारबालाहरुलाई जानकारी गराई यिनिहरुबाटै लेखाजोखा र मूल्याङ्कन गर्ने, गराउने कार्यलाई सम्झनु पर्छ ।

(भ) "सार्वजनिक सुनुवाई" भन्नाले सरोकारवाला नागरिक र स्थानीय तहका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक रुपमामा खुला छलफल गर्ने कार्य तथा प्रक्रिया सम्झनु पर्छ ।

(म) "सामुदायिक संस्था" भन्नाले जनसचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत तथा कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम गठन एवं स्थापना भएका समुदायमा आधारित संस्था र टोलबिकास संस्थाहरुलाई सम्झनु पर्छ ।

(य) "योजना" भन्नाले नगरपालिकाको सर्वाङ्गिण विकासका लागि तयार पारिएको आवधिक, वार्षिक, क्षेत्रगत तथा नगर बिकास गुरूयोजनालाई सम्झनु पर्छ ।

परिच्छेद - २

## आन्तरिक आय तथा अनुदान तथा विनियोजन

**३. नगपालिकाको आन्तरिक आय तथा अनुदान रकम देहाय अनुसार परिचालन तथा खर्च गरिने छ :-**

(१) वित्तीय सामानिकरणः

(क) क्षमता विकास,

(ख) सामाजिक परिचालन,

(ग) पूर्वाधार निर्माण,

(घ) नगर सभाबाट तोकिएका अन्य खर्च ।

(२) सशर्त अनुदानः

(क) विषयगत शाखामा खटिएका कर्मचारी तथा शिक्षकहरुको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र तोकिएका अन्य सञ्चालन खर्च,

(ख) तोकिएका योजना तथा कार्यक्रम सञ्चालन खर्च,

(ग) तोकिएका अन्य खर्च ।

(३) समपुरक अनुदानः

संघीय तथा प्रदेश सरकार वा दातृ निकायबाट प्राप्त सहयोग तथा अनुदान र नगरपालिका समेतको लागत सहभागितामा बिकासका पूर्वाधार निर्माण सम्वन्धी स्वीकृत योजना तथा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(४) विशेष अनुदानः संघीय तथा प्रदेश सरकार वा दातृ निकायबाट कुनै खास योजना तथा कार्यकमका लागि प्राप्त हुनेअनुदानसोही उद्देश्य हासिल गर्न खर्च गर्नु पर्नेछ ।

(५) समपुरक कोषः समपुरक कोषमा विनियोजित रकम नगरपालिका समेतको लागत सहभागितामा कुनै कार्यकम वा योजना सञ्चालन गर्न संघीय तथा प्रदेश सरकार वा दातृ निकायबाट प्राप्त अनुदान, सहयोग

वा ऋण रकम, उपभोक्ता समिति वा लाभग्राहीबाट प्राप्त लागत सहभागिता रकममा नगरपालिकाको तर्फबाट गरिने लागत सहभातिाका लागि परिचालन गर्नु पर्नेछ ।

(६) विशेष कोषः

(क) विशेष परिस्थितिमा अत्यावश्यक क्षेत्रमा आवश्यकता अनुसार यस कोषको रकम खर्च गरिनेछ ।

(७) मर्मत संहार कोषः

नगरपालिका क्षेत्र भित्र निर्मित पूर्वाधारहरुको दीगोपनका लागि नियमित मर्मत संहार गरी निरन्तर सञ्चालनमा ल्याउन पूर्वाधार तर्फ बिनियोजित रकम मध्ये बाट पाच प्रतिशत रकम यस कोषमा राखी सोही प्रयोजनमा खर्च गर्नु पर्नेछ ।

(८) कन्टिनजेन्सीः नगरपालिकाबाट संचालित योजना व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक प्राविधिक तथा अन्य उपकरण खरीद, रेखदेख, मर्मत सम्हार तथा अन्य लजिष्टिक सहायताका लागि पूँजीगत बजेटबाट योजना सञ्चालन गर्न निर्धारित बजेटको तीन प्रतिशत रकम कट्टी गरी सोही प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

परिच्छेद - ३

## योजना तथा कार्यक्रम सञ्चालन रव्यवस्थापन प्रक्रिया

**४.नगरसभाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरु देहायको प्रकृया बमोजिम कार्यान्वयन हुनेछः-**

(क) योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा द्विपक्षीय तथा बहुपक्षीय सम्झौताका शर्तहरूको पालना गर्नुपर्नेछ ।

(ख) वार्षिक खरिद योजना र वार्षिक कार्य सञ्चालन योजना अनुसार कार्य गर्नु गराउनु पर्नेछ ।

(ग) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत ध्यान दिनु पर्नेछ । सामाजिक परिचालक, विकास साझेदारहरू, विषयगत कार्यालयहरुलाई संलग्न गराउन र सामुदायिक संस्था तथा गैह्र सरकारी संस्थाहरूको समेत सहयोग लिन सक्नेछ ।

(घ) नगपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा कार्य तालिका वमोजिम उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई सम्वन्धित वडा कार्यालयले जानकारी दिनुपर्नेछ ।

(ङ) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार कार्यक्रम वा आयोजनाहरु कार्यान्वियनका लागि कार्य तालिका वमोजिम लागत अनुमान, ड्रोइङ्ग, डिजाईन तथा नक्सा तयार गरी स्वीकृत बजेटको अधीनमा रही ठेक्कापट्टा मार्फत गराउनु पर्ने कार्यको बोलपत्र सम्बन्धी तयारी पूरा गर्नु पर्नेछ ।

(च) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरूत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनको लागि प्रचलित कानून बमोजिम पेश्की दिन बाधा पर्ने छैन ।

(छ) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्नु, गराउनु पर्नेछ ।

(ज) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गर्नु पर्नेछ । विषयगत शाखा र सामुदायिक संस्थाबाट समेत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न सकिनेछ ।

(झ) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले नगरपालिकाबाट उपलव्ध हुने रकम छुट्टै बैङ्क खाता खोली सञ्चालन गर्नु पर्नेछ ।

(ञ) आयोजनाको स्वीकृत लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामाग्रीहरू स्वीकृत खरिद योजना बमोजिम तोकिएको समय भित्र आयोजना कार्यान्वयन गर्ने निकायले खरिद व्यवस्था गर्नु पर्नेछ ।

(ट) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने र फरफारक गर्ने गराउने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव किताव राख्ने सम्वन्धमा सम्वन्धित वडाध्यक्ष र सचिवले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(ठ) नगरपालिकाबाट सञ्चालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरूस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने, नियमित रूपमा भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायमा पठाउने जिम्मेवारी आर्थिक प्रशासन तथा योजना शाखा प्रमुखको हुनेछ ।

(ड) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौतामा तोकिएको समय भित्र कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ । मनासिब माफिकको कारणबाट सम्पन्न हुन नसक्ने अवस्था भएमा समयमै म्याद थप गराउनु पर्नेछ ।

(ढ) जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति सँग नगरपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(ण) तीन लाख रूपैयाँ भन्दा माथिका आयोजनाको बिवरण सहितको सूचनापाटी आयोजना स्थल मै राख्नु पर्नेछ ।

(त) नगरपालिकाबाट सञ्चालित आयोजनाको सार्वजनिक परीक्षण गर्नु गराउनु पर्नेछ ।

(थ) उपभोक्ता समितिबाट जनसहभागिता वा लागतसहभागितामा आधारित आयोजना वा कार्यक्रम संचालन गर्दा कुनै उपभोक्ता वा लाभग्राहीव्यक्ति लागतसहभागिता वा जनसहभातामा समावेश हुन अटेर गरी कार्यक्रम वा आयोजना कार्यान्वयनमा वाधा पुर्‍याएमा त्यस्ता व्यक्ति वा लाभग्राहीलाई सम्बन्धित उपभोक्ता समितिले वडा समिति मार्फत लिखित रुपमा कार्वाहीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ । यसरी प्राप्त सिफारिस उपर आवश्यक छानविन गरी त्यस्ता व्यक्ति वा लाभग्राहीलाई आवश्यकता अनुसार नगरपालिकाले उपलब्ध गराउने विभिन्न सेवा सुविधाहरुमा रोक लगाउन सक्नेछ ।

(न) वडा स्तरिय योजना तथा कार्यक्रमहरु उपभोक्ता वा ठेक्का मार्फत सञ्चालन गर्दा सम्बन्धित वडाबाटै सञ्चालन तथा फरफारक गर्न सकिने छ तर यसरी सञ्चालन तथा फरफारक गर्दा प्रचलित कानून र खर्च गर्ने अख्तियारी वमोजिम गर्नु पर्नेछ ।

## ५. आयोजनाको लागत अनुमान सम्बन्धी व्यवस्था:

(क) आयोजनाहरूको लागत अनुमान, नक्शा र डिजाईन गर्दा नगरपालिकाको प्राविधिक कर्मचारी वा सो कार्यका लागि तोकिएको परामर्शदातावा सम्वन्धित प्राविधिकबाट गर्नु, गराउनु पर्नेछ ।

(ख) आयोजनाहरूको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा स्वीकृत दररेटको आधारमा गर्नुपर्नेछ ।

(ग) लागत अनुमानको स्वीकृति सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम गर्नुपर्नेछ ।

## ६. उपभोक्ता समिति मार्फत कार्यक्रम तथा योजना संचालन सम्बन्धि व्यवस्था :

(१) उपभोक्ता समिति मार्फत कार्यक्रम तथा योजना संचालन सम्बन्धि व्यवस्था देहाय वमोजिम हुनेछन् ।

क) नगरपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत पश्चात उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि

सम्पर्क राख्न सम्बन्धित वडा कार्यालयलाई जानकारी दिनुपर्नेछ। तोकिएको समयभित्र समिति गठन हुन नसके अन्य बैकल्पिक उपाय अवलम्वन गरी आयोजना सञ्चालन गर्नु पर्नेछ।

ख) नगरपालिकाले आयोजना, कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट अधिकाधिक सहभागिता हुने आयोजनालाई प्राथमिकता दिनु पर्नेछ। जनसहभागिताको प्रतिशत नगरसभाबाट तोकिए बमोजिम हुनेछ।

ग) कार्यक्रम स्वीकृत नभएको वा सम्झौता हुनुपूर्व कार्य सम्पन्न भएको भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरूकोरकम भुक्तानी हुने छैन।

घ) तोकिएको आइटम वमोजिम काम नभएको,श्रोतको सुनिश्चितता नभएकोर स्वीकृत लागत अनुमानभन्दा बाहिर गई भए गरेका कामको रकम भुक्तानी हुने छैन। यस्ता कार्य गर्ने समितिलाई कालो सूचीमा राख्नु पर्नेछ।

ङ) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार, प्रचलित कानून बमोजिम राख्नुपर्ने खाता, रकम निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रूपमा अनुशिक्षण दिनु पर्नेछ।

च) उपभोक्ता समितिबाट भए, गरेको खर्चको विवरण सार्वजनिक गरी उपभोक्ताहरु र नगरपलिकालाई जानकारी दिनु पर्नेछ। नगरपालिका वा अधिकार प्राप्त निकायबाट आर्थिक कारोवारको जाँचबुझ वा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्ने छ। यसरी माग भएको विवरण उपलव्ध गराउने र प्राप्त निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

छ) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन समय समयमा सार्वजनिक गरी नगरपालिकामा समेत पठाउनु पर्नेछ।

ज) नगरपालिकाले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवम् गैह्र सरकारी संघ, संस्थाको अभिलेखीकरण गरी लगत व्यवस्थित गर्नुपर्नेछ।

झ) समितिसँग सम्झौता गर्नु अघि नगरपालिकाको सम्वन्धित शाखा प्रमुखले प्रचलित कानून, कार्यविधि, निर्देशिका र निर्णय बमोजिम उपभोक्ता समिति गठन भए नभएको, आवश्यक कागजात संलग्न रहे नरहेको एकिन गरी स्पष्ट राय सहित सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गर्नेछ।

ञ) नगरपालिका र उपभोक्ता समिति वीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको अंश वा प्रतिशत रकम, आदि बिषय स्पष्ट उल्लेख गर्नुपर्नेछ।

(ट) उपभोक्ता समितिलाई नगरपालिकाले प्राविधिक परामर्श लगायत प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ।

(ठ) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा सम्झौता र समितिको निर्णय बमोजिम गर्नु पर्नेछ।

(ड) उपभोक्ता समितिको बैठकआवश्यक्ता अनुसारबस्नेछ। बैठकको निर्णय नगरपालिकालाई जानकारी गराउने, आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने, कार्यक्रम कार्यान्वयनसंग सम्वन्धित सम्पूर्ण खर्चहरूको बिल भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति बिबरण नगरपालिकालाई उपलब्ध गराउने, कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि नगरपालिकामा पेश गर्नु पर्नेछ।

(ढ) उपभोक्ता समितिले गरेको कामको लागत, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरू तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्वन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन नगरपालिकामा प्रस्तुत गर्नुपर्दछ।

(ण) योजना तथा कार्यक्रम सम्वन्धी कुनै जानकारी माग भएमा समितिले उपलब्ध गराउनुपर्नेछ । माग भएको जानकारी उपलब्ध नगराएको भनी सम्वन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा नगरपालिकाले छानविन गरी समबन्धित वडाको सिफारिसमा उपभोक्ता समितिको पुर्नगठन, भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न गराउन सक्नेछ । समिति भङ्ग गर्नु अगाडीसफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(त) उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना वा कार्यकमको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्वन्धित वडा समिति रनगरपालिकाको हुनेछ ।अनुगमन गर्दा उपभोक्ता समिति मार्फत गर्नु पर्ने काम ठेक्कामा दिइएको पाइएमा सो रकम भूक्तानी हुने छैन ।

(थ) कारण वश उपभोक्ता समितिले लिएको पेश्की फछ्र्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि राखी नगरपालिकामा निवेदन दिनुपर्नेछ । पहिलो किस्ताको पेश्की फछ्र्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही वरावरको रकम उपलब्ध गराईनेछ । उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको खर्च सार्वजनिक गर्नुपर्नेछ ।

(द) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित वडा प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित वडाको सिफारिस सहित पेश गर्नु पर्नेछ ।

(ध) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित वडा कार्यालयले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी आयोजनाको हस्तान्तरण भएमासमितिले नगर सभाले तोकेको दरमा सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(न) नगरपालिका आफैले संचालन गरेको वा उपभोक्ता समिति, गैह्र सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण कार्यक्रम, कार्यशालाजस्ता कार्यक्रमहरूको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलव्धी, कार्यक्रमका सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्वीरहरू सहित आर्थिक प्रशासन सम्वन्धी कानून बमोजिमका अन्य बील भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गरिनेछ ।

(प) उपभोक्ता समितिले आयोजनाहरू संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेबारी सम्बन्धित वडा समिति, प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

(फ) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक र सम्बन्धित कर्मचारीलाई कार्यपालिकाको निर्णयबाट वार्षिक रूपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

(ब) अनुगमन तथा सहजीकरण समिति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(२) नगरपालिकाले कार्यक्रम वा आयोजना अनुगमन तथा सुपरिवेक्षण समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ । यस्तो व्यवस्था आयोजना सम्झौता फाराममा उल्लेख गर्नुपर्नेछ ।

**७. सार्वजनिक निजी सामुदायिक सहकार्य :**

क) सार्बजनिक निजि सामुदायिक सहकार्य गर्दा देहाय बमोजिमगर्नुपर्नेछ,

(१) नगरपालिकाले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्यसार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा साझेदारीमा काम गर्न नगरपालिकाले निजी क्षेत्रलाई आह्वान गर्न सक्नेछ ।

(३) नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैह्र सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरूसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरू सञ्चालन एवम् कार्यान्वयन गर्न सक्नेछ ।

ख) ठेक्कासम्बन्धी व्यवस्था :

उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने भनि एकीन भएका र प्राविधिक रूपमा कठिन प्रकृतिका आयोजनाहरू नगरपालिकाले प्रचलित कानून बमोजिम ठेक्काद्धारा काम गराउनु पर्नेछ ।

ग) सडक निर्माणसम्बन्धी विशेष व्यवस्था :

(१) नगरपालिकाले नयाँ सडक ट्र्याक खोल्न अत्यावश्यक देखिएमा गुरूयोजनाको प्राथमिकतामा परेको सडकमा नयाँ ट्र्याक खोल्न सक्नेछ । नयाँ ट्र्याक खोल्दा यातायात सेवा सञ्चालन भएको सडक खण्डलाई जोड्ने प्रवेश विन्दुदेखि मात्र क्रमशः निर्माण कार्य गर्नुपर्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफु लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरूको नक्सांकन एवम् अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नु पर्नेछ ।

(३) वातावरणमा प्रत्यक्ष असर पार्ने आयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण (EIA) गरी संचालन गर्नु पर्नेछ । स्थानीयस्तरका सडक निर्माण सम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) सडक निर्माणसम्बन्धी कार्य सञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया शुरू गरेको हुनु पर्नेछ । साथै सडकको दुबैतर्फ हरियाली कायम राख्न बृक्षारोपण समेत गर्नुपर्नेछ । सडकको मापदण्ड न्युनतम ७ मिटर हुनुपर्नेछ ।

## ८. आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था :

(१) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई दीगो गरी सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति वा समुदायिक संस्थाले नगरपालिकाको स्वीकृतिमा आवश्यक सेवा शुल्क लिई छुट्टै कोष खडा गर्न सक्नेछ ।

(३) उपदफा (३) बमोजिमको कोषबाट वार्षिक आम्दानीको दश प्रतिशत वा पन्ध्र हजारमध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सक्नेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ ।

## ९. जनसहभागिता एवम् लागत सहभागिता :

(१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्यांकन लगायत आयोजनाका प्रत्येक चरणमा अधिकाधिक सहभागिता जुटाउने प्रयत्न गर्नु टोलवासीहरुको कर्तव्य हुनेछ ।

(२) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिनेछ र लागत सहभागिता व्यहोर्न नसकेकै कारणबाट लक्षित समूहलाई आयोजनाबाट लाभबाट वञ्चित गरिनेछैन ।

## १०. कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका :

(१) नगरपालिकाले कार्यक्रम वा आयोजना सञ्चालन गर्दा देहायको समयतालिका अनुसार गर्नुपर्ने छ :

| | | |
|---|---|---|
| १ | आयोजनाको लगत ईष्टिमेट | प्रथम चौमासिक भित्र |

| | | |
|---|---|---|
| २ | उपभोक्ता समिति गठन, अभिमुखिकरण र सम्झौता | पौष महिना भित्र |
| ३ | बोलपत्र, दरभाउ पत्र आह्वान | पौष महिना भित्र |
| ४ | आयोजना अनुगमन | निरन्तर |
| ५ | आयोजनाको सार्वजनिक परिक्षण | सम्पन्न भएको १५ दिन भित्र |
| ६ | आयोजनाको मूल्यांकन, जांचपास र फरफारक | सम्पन्न भएको १५ दिन भित्र |
| ७ | आयोजनाको मर्मत सम्भार | आवश्यक्ता अनुसार निरन्तर |
| ८ | आयोजनाको मूल्यांकन समीक्षा | तेस्रो चौमासिक |
| ९ | आयोजना सम्पन्न गर्ने अवधि | जेष्ठ महिना भित्र ठूला र बहु वर्षिय आयोजनाको हकमा सम्झौतामा उल्लेख भएवमोजिम |

## परिच्छेद - ५
## अनुगमन एवम् सुपरिवेक्षण

**११. अनुगमन तथा सुपरिवेक्षण :** (१) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ उपदफा (४) को “ख” (५) वमोजिम योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न देहायवमोजिमको समिति रहनेछ। समितिले योजना अनुगमन तथा जाँचपाससमितिको काम समेत गर्नेछ।

११.१.१ नगरस्तरिय समिति

क) उपप्रमुख- संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
ग) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य
घ) प्राविधिक शाखा प्रमुख वा ईन्जिनियर -सदस्य
ङ) सम्बन्धित वडाका वडाअध्यक्ष -सदस्य
च) योजना शाखा प्रमुख - सदस्य सचिव

नोटः कार्यक्रम तर्फको अनुगमन गर्दा सम्बन्धित शाखाको प्रमुखलाई सहभागि गराउनु पर्नेछ।

११.१.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ उपदफा (४) को “ग” (४) वमोजिम गठित वडास्तरिय समिति

क) सम्बन्धित वडाका वडा अध्यक्ष - संयोजक
ख) कार्यपालिकाका सदस्य वा वडा सदस्य एक महिला सहित दुई जना -सदस्य
ग) लेखापाल वा लेखासहायक -सदस्य
घ) सव- ईन्जिनियर -सदस्य
ङ) वडा सचिव-सदस्य सचिव

नोटः अनुगमन तथा सुपरिवेक्षण समितिले आवश्यकता अनुसार नागरिक समाज, नगरसभा सदस्य, सञ्चारकर्मी आमन्त्रण गर्न सक्नेछ।

(२) अनुगमन तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने, देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक सुझाव र निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्ने र नभएको पाइए सम्बन्धित पक्षलाई सचेत गराई कार्यतालिका अनुसार काम गर्न लगाउने ।

(ग) विभिन्नशाखा वाअन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन गर्ने ।

(घ) गैह्र सरकारी संस्थाबाट सञ्चालित आयोजना तथा कार्यक्रम अनुगमन गरी सोको आवधिक र बार्षिक प्रतिवेदन नगरपालिकामा दिने ।

(३) समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन चौमासिक रूपमा नगरपालिकामा पेश गर्ने । यसरी प्राप्त प्रतिवेदनछलफलका लागि नगर कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(४) नगरपालिकाले आफ्ना कार्यक्रम वा आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यतालिका बनाई सोको आधारमा नियमित रूपमा सुपरीवेक्षण, अनुगमन एवम् समीक्षा गर्नुपर्नेछ ।

(५) समिति आफैले वा आवश्यकता अनुसार उप-समिति गठन गरी आयोजनाको सुपरीवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीहरूलाई अनुगमनसम्बन्धी कार्यमा खटाउन सक्नेछ ।

(६) सामाजिक सुरक्षा भत्ता, सुत्केरी पोषण भत्ता, विद्यालय खाजा वितरण, बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायतसमग्र कार्यक्रमको अनुगमन गर्नेछ ।

(७) अनुगमन सम्बन्धी अन्य व्यवस्था नगरकार्यपालिका वा नगरसभाबाट तोकिए बमोजिम हुनेछ ।

(८) आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिई आयोजना सञ्चालनको क्रममा देखा परेका वाधा ब्यवधान हटाउनको लागि उपयुक्त सुझाव तत्काल सम्वन्धित उपभोक्ता समितिलाई दिने । सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन गरेको नपाइएमा तत्काल उक्त कार्य रोकी सोको प्रतिवेदन नगरपालिकामा दिनु पर्नेछ ।

**१२. अनुगमनसम्बन्धी थप व्यवस्था :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको सुझाव छलफलका लागि नगरसभामापेश गर्नु पर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा वातावरणीय पक्ष, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता विषयलाई पर्याप्त ध्यान दिए नदिएको बारेमा सुपरीवेक्षण तथा अनुगमन गर्नुपर्नेछ ।

**१३. ठूला आयोजनाहरुको जाँचपास र फरफारकसम्बन्धी व्यवस्था :**

(१) आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा अन्य कार्यक्रमको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा पन्ध्र दिनभित्र आयोजनाको जाँचपास तथा फरफारक गर्नुपर्नेछ ।

(२) नगरपालिकाका विषयगत कार्यालय, अन्य निकाय वा संघ संस्थाबाट सञ्चालित आयोजनाको हकमा सम्बन्धित निकायबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचवुझ गरी पन्ध्र दिनभित्र जाँचपास गर्नुपर्नेछ ।

**१४. मूल्यांकन तथा पुरस्कारसम्बन्धी ब्यवस्था :**

(१) यस कार्यविधिमा उल्लिखित प्रावधानहरूको पालना भए नभएको सम्वन्धमा नगरकार्यपालिकाले अनुगमन गर्ने छ ।

(२) योजना अनुगमन तथा जाँचपास समितिको सिफारिसमा नगर कार्यपालिकाले नगर क्षेत्रको विकासमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति, समाजसेवी, कर्मचारी, उपभोक्ता समिति, सामुदायिक संस्था, टोल

विकास संस्था, गैह्र सरकारी संस्था, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, वन उपभोक्ता समिति, कृषि समितिका पदाधिकारी एवम् कर्मचारीहरूलाई पुरस्कृत गर्न सक्नेछ ।

(३) योजना कार्यान्वयनका सम्वन्धमा संघीय तथा प्रदेश सरकारले कुनै मापदण्ड निर्धारण गरे सोको समेत पालना गर्नु पर्नेछ ।

**१५.विविध :**

यस कार्यबिधि स्वीकृत हुनुभन्दा अघि संचालन भएका योजनाहरुको फरफारक यसै कार्यबिधि अनुसार भएको मानिनेछ ।

**आज्ञाले**
**चिरञ्जीवी गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**